नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
(वन संरक्षण शाखा)

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स: ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्याः २१४/०६८/०६९
च. नं.: ९००६

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल

मितिः- २०७८।०८।२२

विषयः- सहजीकरण गर्ने सम्बन्धमा ।

श्री डिभिजन वन कार्यालयहरु,
सबै (८४ वटा) ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालय (वन तथा जलाधार महाशाखा) को प.सं. व.भू./०७८।०७९ च.नं. ७९ मिति २०७८।०८।१२ को पत्रबाट वन क्षेत्रमा विकास आयोजना संचालन गर्दा वन ऐन, २०७६ को दफा ४२ (२) बमोजिम वन विकास गर्नको लागि उपलब्ध गराउने जग्गाका सम्बन्धमा हदबन्दी छुट दिने प्रकृया अवलम्बन गराउन सम्बन्धित विभाग, निकायहरु र आयोजनाहरु समेतसंग समन्वय गरी उक्त कार्य गर्ने गराउने व्यवस्था मिलाउन लेखी आएकोले सो को जानकारी एंव कार्यान्वयनको लागि आवश्यक समन्वय गर्ने गराउने व्यवस्थाका लागि उक्त पत्रको प्रतिलिपी पाना २ यसै साथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

उत्तम चापागाई
सहायक वन अधिकृत

बोधार्थ/कार्यार्थ

श्री वन तथा वातावरण मन्त्रालय (वन तथा जलाधार महाशाखा), सिंहदरवार, काठमाण्डौ ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.१ विराटनगर ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम, धनुषा ।

श्री वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौडा।

श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवल ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली पर्देश, सुर्खेत ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल, काठमाण्डौः आवश्यक समन्वय एंव सहजीकरणको लागि अनुरोध छ ।

श्री कम्पयुटर शाखा, वन तथा भू-संरक्षण विभाग, ववरमहलः website मा अपलोड गर्दिनुहुन ।

दर्ता नं. २९४ ०७८।८।१५

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

(वन तथा जलाधार महाशाखा)

EX: पो. ब. नं. : ३९८७
सिंहदरवार, काठमाण्डौ

पत्र संख्याः व.भू. / ०७८।७९
चलानी नं. :- ६९
प्राप्त पत्र संख्या र मिति :-

मितिः २०७८।०८।१२

विषय : सहजीकरण गर्ने सम्बन्धमा ।

वन तथा भू-संरक्षण विभाग
दर्ता नं. २००५
मिति २०७८।८।१४

श्री वन तथा भू-संरक्षण विभाग,
बबरमहल ।

उपरोक्त विषयमा तहाँ विभागको म.नि.पि.नं.२०७७।११।१९ को टिप्पणी फायलबाट नेपाल सरकार मं.प.का विभिन्न निर्णयहरुबाट विभिन्न विकास आयोजनाहरुले वन क्षेत्र प्रयोग गरेवापत सट्टा जग्गा उपलब्ध गराउनु पर्ने भनी तोकिएको शर्त कार्यान्वियन गर्न हदबन्दी छुटको व्यवस्थाको सहजीकरण हुन माग भाएको सर्न्दभमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं.२.१ । ज.प्र./०७८।७९।१३२ च.नं. ५७ मिति २०७८।०८।०८ को पत्रको वोधार्थ प्राप्त हुन आएकोले सोही पत्रको छाँयाकपी यसैसाथ संलग्न राखी पठाइएको छ । उल्लेखित पत्रानुसार हुनेगरी वन क्षेत्रमा विकास आयोजना सन्चालन गर्दा वन ऐन, २०७६ को दफा ४२ (२) बमोजिम वन विकास गर्नको लागि उपलब्ध गराउने जग्गाका सम्बन्धमा हदवन्दी छुट दिने प्रकृया अवलम्वन गराउन सम्बन्धित विभाग, निकायहरु र आयोजनाहरु समेतसंग समन्वय गरी उक्त कार्य गर्ने गराउने व्यवस्था मिलाउन आदेशानुसार अनुरोध छ ।

२०७८।८।१२
( बाबुकाजी डल्लाकोटी )
उपसचिव प्रा.

बोधार्थः

श्री राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल ।

श्री वातावरण तथा जैविक विविधिता तथा माहाशाखा, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार ।

श्री वन तथा वन्यजन्तु संरक्षण महाशाखा
२०७८।८।१४

फ़ोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स :- ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प.सं. २.१./ज.प्र./०७८।०७९ ।१९२
च.नं. ४७९

मितिः-२०७८।०८।०८

विषय: सहजीकरण गर्ने सम्वन्धमा ।

वन तथा वातावरण मन्त्रालय
गो.व.नं.: १५८३ मिति: ८/९
फा.द.नं.: ........ मिति: ........
समय: ........

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग,
बबरमहल, काठमाडौं ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट विभिन्न विकास आयोजनाहरुलाई राष्ट्रिय वन क्षेत्र /सरकारी वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिँदा उक्त आयोजनाबाट वन विनासका लागि सट्टा जग्गा उपलब्ध गराउनु पर्ने शर्त तोकिने गरेको, उक्त सट्टा जग्गा नेपाल सरकार, वन तथा भूसंरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरी लिन र सो को राष्ट्रिय वनका रुपमा लगत कायम गर्न सम्बन्धित जिल्लाका मालपोत कार्यालयहरुलाई पत्राचार हुने गरेकोमा कतिपय मालपोत कार्यालयहरुबाट उक्त सट्टा जग्गा नेपाल सरकारले प्राप्ती गर्ने सन्दर्भमा हदवन्दी लगायतका कारणले समस्या उत्पन्न भई आयोजना सञ्चालनमा कठिनाई भएकोले विभिन्न विकास आयोजनाबाट नेपाल सरकारलाई वन विकासका लागि प्राप्त हुने सट्टा जग्गा वन तथा भूसंरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गर्ने/ कायम गर्ने गराउने व्यवस्था मिलाउन सहजीकरण गरिदिनु हुन भनी लेखि आएको वन तथा वातावरण मन्त्रालयको च.नं. ५० मिति २०७८।०६।१२ पत्रको छाँया प्रति यसै साथ संलग्न छ। कुनै आयोजना संचालन गर्दा वन ऐन २०७६ को दफा ४२ को उपदफा (२) बमोजिम वन विकास गर्नको लागि उपलब्ध गराउने जग्गा आयोजनाका नाममा कायम हुँदा हदवन्दी भन्दा बढी भएमा त्यस्तो जग्गाको विवरण सहित हदवन्दी छुट दिने सम्बन्धी आदेश बमोजिम हदवन्दी छुट दिने सम्बन्धी प्रक्रिया अवलम्बन गर्न गराउन आदेशानुसार अनुरोध छ।

(खेमनारायण पौडेल)
शाखा अधिकृत

सादर अवगतार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार काठमाडौं।

बोधार्थः-
श्री वन तथा वातावरण मन्त्रालय,
(वन तथा जलाधार महाशाखा)
सिंहदरवार, काठमाडौं: तँहाको मिति २०७८।०६।१२ च.नं. ५० सन्दर्भमा,